लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वडाचौर, रोल्पा

पत्र संख्याः २०८१।०८२
चलानी नम्बरः ८२

लुम्बिनी प्रदेश, नेपाल


मितिः २०८१।०६।१६

**नदिजन्य पदार्थ उत्खनन तथा संकलनमा प्रतिबन्ध लगाइएको सम्बन्धी सूचना।**

उपर्युक्त सम्बन्धमा यस लुङग्री गाउँपालिका क्षेत्र भित्रका नदि एवम् खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदिजन्य पदार्थहरु मनोमानी ढङ्गबाट उत्खनन, संकलन, ओसारपसार तथा बिक्री वितरण गर्ने कार्य भईरहेको भनि यस पालिकामा मौखिक सूचना एवम् जानकारी आएको छ। लुङ्ग्री गाउँपालिकाका देहायका नदि खोलाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) कार्य सम्पन्न भई सार्वजनिक रुपमा ठेक्का आह्वान गरि बिक्री वितरण गर्ने प्रकृया शुरु गर्ने तयारी रहेको छ। तसर्थ यस प्रकृया सम्पन्न भए पश्चात् मात्र नदिजन्य पदार्थहरु (ढुङ्गा, गिट्टी, बालुवा तथा दहत्तर बहत्तर) उत्खनन् कार्य सुचारु गरिने हुनाले तत्कालको लागि नदिजन्य पदार्थको उत्खनन, संकलन, ओसारपसार तथा बिक्री वितरणमा पूर्ण रुपमा प्रतिबन्ध लगाइएको छ। यदि कोहि कसैले यो सूचनाको अवज्ञा गरी उक्त कार्य गरे गराएमा प्रचलित कानून बमोजिम भई जाने बेहोरा जानकारीको लागि अनुरोध छ।

देहाय

१. बोज्याङ खोला दोमही देखि आलिवाङ सम्मको दाँया बाँया किनार

२. लुङग्री खोलाको दोमही देखि सुनछहरी झरना सम्मको बाँया क्षेत्र (नदि बग्ने दिशालाई आधारमानी)

२०८१।६।१६

चक्र बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः-

श्री वडा कार्यालय (सबै), लुङ्ग्री गाउँपालिका रोल्पा।

श्री प्रहरी चौकी (सबै), लुङग्री गाउँपालिका रोल्पा। (आवश्यक सहयोग गर्नुहुन)